# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

शिक्षा युवा तथा खेलकुद शाखा

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. :

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेतरीया, मोरङ प्रदेश नं. १, नेपाल

**छात्रबृत्ति सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७९/०९/०६

यस ग्रामथान गाउँपालिका अन्तर्गत माद्यमिक शिक्षा परीक्षा ( SEE) उत्तीर्ण भई १८ महिने IT कोर्षका लागि ३ जना गरिब तथा जेहेन्दार स्थानीय विद्यार्थीहरुलाई नगद प्रोत्साहन अनुदान दिने पालिकाको वार्षिक कार्यक्रम बमोजिम गाउँ शिक्षा समितिको मिति २०७९/०९/०५ गतेको निर्णयानुसार यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा तपशिल बमोजिमको मापदण्ड पुरा भएका ईच्छुक अध्ययनरत विद्यार्थीहरुले आवश्यक कागजातसहित गाउँपालिकाको शिक्षा युवा तथा खेलकूद शाखामा छात्रबृत्तिका लागि आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

**मापदण्डहरु**

१. प्राविधिक शिक्षा (गाउँपालिका भित्र वा बाहिर ) CTEVT बाट सञ्चालित आँगिक शिक्षालयहरुमा अध्ययन हुने १८ महिने IT कोर्षका लागि प्रवेशिका परीक्षामा सफल भएका ग्रामथान गाउँपालिकाका स्थानीय अध्ययनरत विद्यार्थीहरुलाई मात्र उपलब्ध गराईनेछ ।

२. छात्रबृत्ति प्राप्त गर्न चाहाने विद्यार्थीले आफू स्थानीय बासिन्दा भएको प्रमाणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ र अन्यत्रबाट बसाईसरि आएको भए बसाईसराई र विवाह भई आएको भए विवाह दर्ताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

३. सम्बन्धित विद्यार्थीले २०७९ देखि नयाँ भर्ना भई अध्ययनरत रहेको भन्ने सम्बन्धित शैक्षिक संस्थानको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

४. प्रवेशिका परीक्षामा उत्तीर्ण भएको प्रमाणित कागजात, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, दलित, आदिवासि, जनजाति, अपाङ्गता भएको, द्वन्द पिडित लागायतको विवरण भए सो समेत पुष्टि गर्ने कागजात समेत समावेश गरि आवेदन दिनुपर्नेछ ।

५. सामुदायिक विद्यालयबाट माद्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भएकालाई प्राथमिकता दिईनेछ ।

६. अन्य विषयहरु गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०७९।९।६

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
मनोजकुमार शाह